दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २८६ | बुटवल | २०८२ कात्तिक १० गते, सोमबार | नेपाल संवत ११४६ | Monday October 27, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


## थाई एयरले शुरु गर्‍यो भैरहवाबाट उडान



थाई एयर एसियाले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट आइतबारदेखि पुनः उडान थालेको छ। थाइ एयर एसियाले बैंकक-भैरहवा-बैंकक सातामा दुई उडान गर्दैछ। आइतबार र बुधबार यहाँ नियमित उडान गर्ने गरी कम्पनीले उडान तालिका स्वीकृत गराएको थियो । अहिले भैरहवामा नियमित उडान गर्ने कम्पनीमा थाई एयर एसिया एक्लो कम्पनी बनेको छ । नेपाल एयरलाइन्स, हिमालय एयरलाइन्सले समेत यहाँ नियमित उडान गर्न सकेका छैनन् । तस्वीर ः दैनिक लुम्बिनी

# तेस्रोपटकमा पनि पूर्ण भएन कार्की सरकार




**लुम्बिनी संवाददाता**

*बुटवल*

जेनजी आन्दोलनको बलमा बनेको शुशिला कार्की नेतृत्वको अन्तरिक सरकार तेस्रोपटक पुनर्गठन हुंदा पनि पूर्ण हुन सकेन । करिब डेढ महिनापछि प्रधानमन्त्री कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार दुई मन्त्री डा. सुधा शर्मालाई स्वास्थ्य तथा जनसंख्या र बब्लु गुप्तालाई युवा तथा खेलकुदमन्त्रीको शपथ गराए ।

प्रधानमन्त्री कार्कीले सुरुमा आइतबार राष्ट्रपति पौडेलसमक्ष चार जनाको नाम सिफारिस गरेकी थिइन् । तर खगेन्द्र सुनारको नाम विवादमा आएपछि काटिएको हो । सुनारविरुद्ध वहुविवाह, अस्पताल तोडफाडमा संलग्नता, साइबर क्राइम लगायतका अभियोग रहेको पाइएपछि उनको नाम काटिएको हो । सुनारविरुद्ध विभिन्न अभियोगमा मुद्दा दर्ता भएका र उनी प्रहरीको फरार सूचीमा रहेको देखिएको छ । उग्र भाषण गर्ने विवादित छवि भएका सुनारलाई मन्त्री बनाउँदा हुनसक्ने सम्भावित समस्यालाई ध्यानमा राख्दै उनको नाम काटिएको प्रधानमन्त्री निकट स्रोतले बतायो । अर्का गणपतिलाल श्रेष्ठको पनि आइतबार शपथ भएन । गणपतिलालले पर्यटनबाहेकको मन्त्रालयको जिम्मेवारी नलिने अडान लिएपछि सपथ रोकिएको हो।

तेस्रो पटकको पुनर्गठनपछि प्रधानमन्त्री कार्की सहित अब मन्त्रिपरिषद् १० सदस्यीय भएको छ। अब बढीमा दुई जना मन्त्री थपिन सक्ने अन्यथा यही टिमले नै निर्वाचनसम्म काम गर्ने प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । दोस्रो संविधानसभा निर्वाचन गराउने प्रयोजनका लागि १२ वर्षअघि तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा गठन भएको मन्त्रिपरिषद्मा १२ जना मन्त्री थिए। त्यतिबेला सबैजसो व्यक्तिहरु पूर्व-प्रशासन पृष्ठभूमिका थिए भने अहिले पनि १२ जनासम्म मन्त्री बनाउने तयारी छ ।

युवा तथा खेलकूदमन्त्री बनेका बब्लु गुप्ता सामाजिक काममा सक्रिय थिए । कोरोना महामारीका बेलामा विपतमा परेकाहरूलाई निःशुल्क खाना बाँड्नदेखि आर्थिक अभाव भएका व्यक्तिहरूलाई उनले कपडा बैंक अभियान चलाएका थिए। उनले 'हण्ड्रेड ग्रुप' स्थापना गरेर त्यसैमार्फत् विभिन्न कार्यक्रम गरिरहेका थिए।

स्वास्थ्यमन्त्री शर्मा नेपाल सरकारकी पुर्व सचिव हुन् । अहिलेसम्मको उपस्थिती हेर्दा सरकारमा महिला, आदिवासी, दलित एवं मधेशी समूदायको प्रतिनिधित्व भएको देखिन्छ। बब्लु गुप्तालाई मन्त्री बनाएपछि जेन-जी आन्दोलनकर्मी र मधेशी समूदायको प्रतिनिधित्व भएको देखिन्छ। जेन जी आन्दोलनबाट प्रभावितलाई मनोपरामर्श सेवा नवनियुक्त स्वास्थ्य तथा जनसंख्या मन्त्री डा.सुधा शर्मा गौतमले पदभार ग्रहण गरेकी छिन्। शीतल निवासमा शपथग्रहण गरेपछि उनले मन्त्रालयमा आएर कार्यभार सम्हालेकी हुन्।

पहिलो निर्णयका रूपमा मन्त्री शर्माले आन्दोलनबाट प्रभावित घाइते लगायत सबै व्यक्तिका लागि मनोपरामर्श सेवा स्थापना गर्ने निर्णय गरेकी छिन्।

# फागुन २१ को चुनाव गर्न साढे ७ अर्ब खर्च



बुटवल । निर्वाचन आयोगले आगामी प्रतिनिधिसभा सदस्यका लागि २१ फागुनमा हुन लागेको चुनावमा साढे सात अर्ब रुपैयाँ खर्च लाग्ने अनुमान गरेको छ।

आसन्न चुनावको तयारी अन्तर्गत आयोगले प्रारम्भिक अनुमानसहितको बजेट तयार पारेको हो । बजेट तयारीको अन्तिम टुंगो भने लागिसकेको छैन। यसलाई अन्तिम टुंगो लगाएर अर्थ मन्त्रालयमा पठाउने निर्वाचन आयोगको तयारी छ।

आयोगका सूचना अधिकारी सुमन घिमिरे बजेट तयारीकै क्रममा रहेको बताउँछन्। उनी भन्छन्, 'साढे सात अर्ब रुपैयाँ खर्च हुने अनुमान छ। तर, यसबारे अन्तिम टुंगो लाग्न बाँकी छ।'

निर्वाचन आयोगले बजेट निर्माण गर्दै गर्दा निर्वाचनका लागि आवश्यक सामग्रीहरूको सूची तयार गर्दैछ।

छठ पर्व सकिएलगत्तै आवश्यक सामग्री किन्न सुरू गर्नुपर्ने आयोगको आग्रह छ। यसका लागि आयोगले अर्थ मन्त्रालयसँग छलफल गरिरहेको छ। यसअघि नै रहेका सामग्री समेत प्रयोग गर्ने गरी आयोगले थप आवश्यक सामग्री खरिद गर्न खोजेको जनाएको छ।

सामग्री खरिद गर्नेबाहेक आयोगले केही रकम आकस्मिक व्यवस्थापन शीर्षकमा राख्न खोजेको छ। हेलिकप्टरबाट कर्मचारी खटाउने र निर्वाचन सामग्री ढुवानी गर्नुपर्ने अवस्थालाई ख्याल गरेर आयोगले आकस्मिक व्यवस्थापन शीर्षकमा बजेट राख्न खोजेको हो।

हिमाली क्षेत्रमा प्रतिकूल मौसमका कारणले निर्वाचन गराउन कठिन हुने आयोगको अनुमान छ। मौसम खुलेका बेला कर्मचारी पठाउने गरी हेलिकप्टको व्यवस्था गर्ने र हेलिकप्टरबाट निर्वाचन सामग्री ढुवानी गर्ने गरी बजेट अनुमान गरिएको हो।

निर्वाचन आयोगले एक हजार मतदाता भए एउटा मतदान केन्द्र बनाउने गरी तयारी अगाडि बढाएको छ। विगतमा पनि यस्तै अभ्यास हुँदै आएको हो।

यसकारण सबैभन्दा बढी खर्च निर्वाचनमा खटिने कर्मचारीमा हुनेछ। एक हजार मतदाता भए एउटा मतदान केन्द्र बनाउने र एउटा मतदान केन्द्रमा कम्तीमा १४ कर्मचारी आवश्यक पर्ने आयोगको भनाइ रहेको छ। मतगणनाका लागि पनि कर्मचारी व्यवस्थापन गर्नुपर्ने हुन्छ।

# जांचबुझ आयोगका पदाधिकारीविरुद्ध रिट

बुटवल । जेनजी आन्दोलनमा भएको दमन र त्यसपछिको आगजनीको घटनामाथि जाँचबुझ गर्न गठन भएको आयोगका पदाधिकारीहरूलाई कामकारबाही गर्न रोक लगाउनुपर्ने माग सहित सर्वोच्च अदालतमा रिट निवेदन दायर भएको छ। अधिवक्ता विपिन ढकालले आयोगका अध्यक्ष गौरीबहादुर कार्की र सदस्यहरू विज्ञानराज शर्मा र विश्वेश्वरप्रसाद भण्डारीविरुद्ध रिट निवेदन दर्ता गरेका हुन्।

उनले कार्की र शर्मामाथि जाँचबुझको विषयवस्तुवारे सार्वजनिक धारणा र दृष्टिकोण सार्वजनिक गरेर पूर्वाग्रहीपन देखाएको आरोप लगाएका छन् । उनले अन्तरिम आदेशमार्फत पदाधिकारीहरूलाई काम गर्न रोक लगाउनुपर्ने माग गरेका छन्।

जाँचबुझ आयोगका पदाधिकारीहरूले न्यायिक मन प्रयोग गर्नुपर्नेमा घटनाका बारेमा पहिले नै धारणा सार्वजनिक गरिसकेकाले उनीहरूबाट पूर्वाग्रहीरहित रुपमा काम हुन नसक्ने जिकिर रिट निवेदनमा छ।

उनले आयोगका अर्का सदस्य विश्वेश्वर भण्डारीविरुद्ध समेत निवेदन दर्ता गरेका छन्। आयोगका दुई पदाधिकारीहरू पूर्वाग्राही र विषयवस्तुवारे तटस्थ नभएको अवस्थामा भण्डारीले समेत त्यसमाथि प्रश्न उठाउन नसकेको आरोप रिट निवेदनमा छ।

जेन-जी आन्दोलनपछि भएको जनधनको क्षतिवारे जाँचबुझ गर्न सरकारले विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको नेतृत्वमा जाँचबुझ आयोग गठन गरेको थियो । आयोगमा पूर्वएआईजी विज्ञानराज शर्मा र संयुक्त राष्ट्रसंघीय नियोगहरूमा काम गरेका अधिवक्ता विशेश्वरप्रसाद भण्डारी सदस्य छन् । आयोगका आगजनीबाट क्षतिग्रस्त भएको पुरानो प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सचिवालय स्थापना गरेर काम गरिरहेको छ।

# सर्वोच्च जलाउनेलाई कारवाहीको माग गर्दै जाहेरी दिने तयारी

बुटवल । सर्वोच्च अदालत प्रशासनले जेनजी आन्दोलनको क्रममा अदालतमा आगजनी गर्नेहरुलाई कारबाहीको माग गर्दै प्रहरीमा जाहेरी दिने तयारी गरेको छ। फरेन्सिक जाँचपछि मात्रै फोहोर उठाउनुपर्ने भन्दै सर्वोच्च प्रशासनले एक/दुई दिनमै जाहेरी दिने तयारी गरेको हो । आगजनीमा संलग्नलाई कुनै हालतमा छुट दिन नहुने सर्वोच्च प्रशासनको अडान छ।

सर्वोच्च अदालत स्रोतले भन्यो, 'त्यसबारेमा छलफल चलिरहेको छ। हामीले न्यायालयमा तोडफोड र आगजनी गर्नेमाथि कारबाही हुनुपर्ने भन्दै जाहेरी दिने तयारी गरेका छौं ।' जेनजी आन्दोलनको क्रममा आगजनी हुँदा संसद भवनदेखि, सर्वोच्च अदालत, सिंहदरबारलगायतका महत्वपूर्ण सरकारी तथा निजी संरचनाहरु ध्वस्त भएका थिए। ती संरचना जलाउँदा विभिन्न रसायन प्रयोग भएको आशंका गरिएको छ।

सरकारले आगजनी र तोडफोड भएका संरचनाहरुमा सरसफाइ र पुनिर्निर्माणका काम जारी राखेको छ । तर मुचुल्का र प्रमाण संकलनविना सरसफाइ र पुनिर्निर्माणका कामले घटनाको यथार्थ पत्ता नलाग्ने र दोषी उम्किन सक्ने जोखिम रहेको जानकारहरु बताउँछन्।

सर्वोच्च प्रशासन पनि आगजनीको फरेन्सिक जाँच हुनुपर्ने अडानमा छ। गत भदौ २४ गते जेनजी प्रदर्शनको क्रममा सर्वोच्च अदालतमा आगजनी हुँदा महत्वपूर्ण कागजात र अभिलेखहरु नष्ट भएका थिए। भवन पनि जलेर क्षतिग्रस्त भएकाले टेन्ट टाँगेर बन्दी प्रत्यक्षीकरण र रिट दर्ताको काम थालिएको थियो । अदालत खोल्ने तयारीका लागि हालै सुरक्षा प्रमुखहरुसँग छलफल भएको थियो, जसमा सर्वोच्च प्रशासनले आक्रमण गर्नेलाई छुट दिन नसकिने र फरेन्सिक जाँच हुनुपर्ने अडान राखेको थियो।

फरेन्सिक टेष्ट नगरी सर्वोच्च अदालत परिसरमा जलाइएका गाडी र कार्यालयको फोहोर सफाइ गर्दा प्रमाण लोप हुनसक्नेतर्फ अदालतका अधिकारीहरुले ध्यानाकर्षण गराएका थिए।

आगोको प्रकृति र डिस्कर्ड ग्रुपमा गरेका कुराकानीका कतिपय संवादले आगजनीमा विभिन्न रसायनको प्रयोगको आशंका बढेको छ। यस्ता घटनाहरुको यथार्थ पत्ता लगाउन जतिसक्दो चाँडो प्रमाण संकलन गरेर त्यसको जाँच हुनुपर्ने जानकारहरु बताउँछन्।

# घृणायुक्त अभिव्यक्ति नदेऊ : आयोग

बुटवल। राष्ट्रिय मानवअधिकार आयोगले घृणायुक्त अभिव्यक्ति नदिन सम्बद्ध सबैसँग आग्रह गरेको छ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलद्वारा आइतबार गते जारी विज्ञप्तिमा प्रदर्शनमा घुसपैठ हुन नदिने दायित्व सरकार र प्रदर्शनकारी दुवैको हुने उल्लेख गर्दै प्रदर्शन शान्तिपूर्ण बनाउन सुरक्षा निकायको संयमता, धैर्यता र विवेकपूर्ण व्यवहार अपेक्षित भएको जनाइएको छ।

'प्रदर्शनरत पक्षले पनि आफ्ना क्रियाकलापलाई शान्तिपूर्ण बनाउने, घृणायुक्त अभिव्यक्ति नदिने र उत्तेजनापूर्ण व्यवहारलाई नियन्त्रण गर्नुपर्ने कर्तव्य निर्वाह गर्नुपर्ने हुन्छ' आयोगले भनेको छ।

नागरिक अधिकारको सम्मान गर्न र संयमित रहन सबै पक्षलाई आयोगले आग्रह गरेको छ।

आयोगले देशमा पुनः आयोजना गर्ने भनिएको प्रदर्शनबाट शान्ति सुरक्षा र मानवअधिकारको उपभोगमा उत्पन्न हुन सक्ने अवरोधप्रति ध्यानाकर्षण भएको जनाएको छ । 'विगतका केही अभ्यासहरू हेर्दा प्रदर्शनहरू ध्वंसात्मक र हिंसात्मक हुन पुगेको तथ्यलाई ध्यानमा राखी आगामी दिनमा त्यसप्रकारका हिंसात्मक गतिविधि नहोऊन् भन्नेतर्फ सचेत रहँदै प्रदर्शनलाई शान्तिपूर्ण बनाउन सबै पक्ष जिम्मेवार हुनु आवश्यक छ,' आयोगले भनेको छ।

हरेक समस्याको समाधान विधिको शासन, संविधान, कानुन र मानवअधिकारको मूल्य-मान्यताकै आधारमा शान्तिपूर्ण रूपमा खोजिनुपर्ने सुझाव आयोगले दिएको छ। यस्तै आयोगले नागरिकको शान्तिपूर्ण प्रदर्शन गर्ने अधिकार एवं मानव अधिकारको सम्मान र संरक्षण गर्न सरकारसँग आह्वान गरेको छ।

साथै आफ्ना मागहरू शान्तिपूर्ण रूपमा राख्न प्रदर्शनरत पक्षलाई आयोगले अनुरोध गरेको छ।

गत २३ र २४ भदौको आन्दोलनपश्चात जेनजीले उठाएका विभिन्न सवालहरूको समयमै उचित सम्बोधन हुनु आवश्यक रहेको आयोगको भनाइ छ।




## सम्पादकीय

# चुनावका लागि वातावरण बनाऊ

आगामी फागुन २१ गते प्रतिनिधिसभाको चुनाव हुने मिति तय भएको छ। तोकिएको मितिमा चुनाव हुने बारेमा संशय छ। चुनावका लागि राजनैतिक दलहरुले मात्रै होइन्, सुरक्षा निकायका अधिकारीहरु पनि भदौ २४ को विध्वंशमा लुटिएका हतियार फिर्ता नभएसम्म शान्तिपूर्ण ढंगले चुनाव गर्न कठिन हुन सक्ने आशयका धारणा व्यक्त गरिरहेका छन्। चुनावमा राजनैतिक दलसँग विश्वासको वातावरण बनाउनुको साटो उनीहरुलाई भड्काउने र उत्तेजित बनाउने काम गृहमन्त्री ओमप्रकाश अर्यालले गरिरहेका छन्। चुनाव गराउने सरकारका मन्त्री नै अराजक बन्नु निन्दनीय छ।

२४ भदौको हिंसात्मक प्रदर्शनका क्रममा लुटिएका ५ सय ५६ थान हतियार अझै फेला परेका छैनन् ।नेपाल प्रहरीका विभिन्न ब्यारेक तथा कार्यालयमा तोडफोड र आगजनीपछि १२ सय ७६ थान घातक हतियार लुटिएका थिए। त्यसमध्ये ७ सय २० थान मात्रै नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीले फिर्ताल्याएको छ। अझै ५ सय ५६ थान हतियार फिर्ता आउन बाँकी रहेको प्रहरी प्रधान कार्यलयले जनाएको छ ।प्रहरीका अनुसार इन्सास र एसएलआरसहित २ सय ८५ नाल ठूला र पेस्तोल लगायत २ सय ७१ नाल साना हतियार अझै नियन्त्रणमा आएका छैनन्। गृहमन्त्रीले राजनैतिक दलहरुले चुनावमा लुटिएका हतियार र फरार कैदी बन्दी चुनावमा प्रयोग गर्दैनौ भन्ने प्रतिबद्धता व्यक्त गर्नुपर्ने बताएर राजनैतिक दलहरुको भूमिकाप्रति आशंका व्यक्त गरेर जिम्मेवारीबाट पन्छिन खोजेका छन् । लुटिएका हतियार फिर्ता र फरार कैदी बन्दीलाई कारागारमा फर्काउने कामको जिम्मेवारी सरकारको हो।

२४ भदौमा २८ कारागार र बालसुधार गृह तथा अनुसन्धानका क्रममा प्रहरी हिरासतमा रहेका सहित कुल १४ हजार ४३ जना कैदीबन्दी र थुनुवा भागेका थिए। तीमध्ये अझै करिब ५ हजार कैदीबन्दी र थुनुवा पक्राउ परेका छैनन्। कैदी बन्दी फिर्ताका लागि सरकारको पहलकदमी सुस्त छ। प्रहरी नेतृत्वले निरन्तर गृहमन्त्री सँग फरार कैदी बन्दी फिर्ता र लुटिएका हतियार फिर्ताका लागि पहलकदमी लिन आग्रह गरिरहेको छ। उसले प्रहरीलाई हस्तक्षेप मुक्त परिचालनको अपेक्षा गरेको छ, जुन स्वभाविक छ।

जेन-जी आन्दोलनपछि उत्पन्न परिस्थितिका बीच २४ भदौमा 'आपराधिक गतिविधि' मा संलग्न रहेको आरोपमा प्रहरीले देशभरबाट २ सय ३७ जनालाई पक्राउ गरेको छ। केन्द्रीय प्रहरी प्रवक्ता डीआईजी विनोद घिमिरेका अनुसार, कोशीबाहेक सबै प्रदेशबाट प्रहरीको हातहतियार, व्यक्तिगत सम्पत्ति लुटपाट, आपराधिक उपद्रव र अभद्र व्यवहारको कसुरमा उनीहरू पक्राउ परेका हुन्। जेन-जी आन्दोलनपछि उत्पन्न परिस्थितिमा आपराधिक गतिविधिमा संलग्न आरोपितहरू प्रहरी हिरासतमा छन् , कतिपय हाजिर जमानतमा छुटेको अवस्था पनि छ। कसुरअनुसार मुद्दा दर्ता पनि भइरहेका छन्। तर विध्वंशमा संलग्नलाई कानुनी कारवाही गर्न गृह नेतृत्व इच्छुक नभएपछि प्रहरी दवावमा छ। समस्या सरकारमै छ, अरुलाई दोष लिएर चुनावको वातावरण बन्दैन्। चुनावका लागि विध्वंशमा संलग्नलाई कानुनी कारवाही , भदौ २३ को गोली काण्डको निष्पक्ष छानविन र दोषीलाई कारवाही पनि अपरिहार्य छ।

# गृहमन्त्रीको गुनासो !



टेकराज पौडेल

लामो समय राजनीति गरेका पनि होइनौ एमाले कांग्रेसका घर जलाएको प्रतिफल स्वरुप बालेनले दिएको बक्सिस सत्ता बिमुख हुँदैको अर्को दिन हाम्रो घर नजलाइदिउन। म त मेरो माइतीले दिएर बनाएको दरबारजस्तो घर आगो लगाउन दिन्न।

व्यंग्य विनोद

मेरो आसय एमालेले बुझ्केन । मैले एमालेकै पक्षमा भनेको हुम। मेरो सिङ्गो परिवार एमाले हो। एमाले मेरो नसा नसाको रगतमा छ।

के गर्ने एमालेको लाइनमा लागेको भए ७० पुग्दा पनि सम्सद देलान जस्तो लागेन। बालेनको सङ्गत गरेको ३ बर्ष मै गृहमन्त्री भए। उनकै सहयोगमा गृह जस्तो महत्वपूर्ण मन्त्रालय पाएको छु। उनको हित जस्तो त देखाउनै पर्यो नि नत्र जेनजीहरु मसित रिसाउँछन्। उनको गनगन सुनेकी श्रीमतीले शान्त स्वरमा बुढासँग कुरा गर्ने मुढ बनाइन्!

-श्रीमतीजीले लालित्य स्वरमा सोधिन्-"बाबा तिमीले के गुनगुनाउँदैथ्यो कि एमालेले मेरो आसय बुझ्केन ? के भन्या!

-ओमजीले नरम भाषामा भने -'मैले हिजो भनेको एउटा भाषण आज भाइरल भएछ!'

-श्रीमतीजीले सोधिन्- 'तिमी ठाउँ नै पिक्षे फरक-फरक बोल्छौ ।' के थाहा कुन ठाउँ बोलेको भाइरल भयो ?

-अर्यालले भने- म हिजो निर्वाचनको प्रशङ्गमा दलहरुलाई एउटा उपदेश दिएको थिए त्यही भाइरल भयो!

-श्रीमतीजीले भनिन्- तिम्रो बानी बाहिर जे जस्तो समाचारमा आउँछ घरमा त्यसको उल्टो छ।

-अर्यालले भने के उल्टो भयो तिमि पनि यस्तो टेन्सनको बेला जेपिटि बोल्छौ।

-श्रीमतीले भनिन :- बालेनलाई कुन लेखकले लुसिफर भनेछ त्यो भन्नु पर्ने तिमीलाई हो! तिमी हौ बरु मेरो लागि लुसिफर!

-अर्यालले भने म कसरी लुसिफर हुन्छु! लुसिफरको लुतो मतिर टासो नलगाउ । जस्लाई जस्ले भने त्यही ठीक छ।

-श्रीमतीले भनिन्- मैले तिमीलाई भनेका कुराको जबाफ लिनु त छँदैछ। भन बरु तिम्रो के कुरा भाइरल भयो ? एमालेले के बुझ्केन ?

-अर्यालले भने हिजो मैले दलहरुले यदि फाल्गुन २१ मा चुनाव गराउन चाहनु हुन्छ भने लुटेका हतियार र भागेका अपराधी कैदीहरु प्रयोग उपयोग गर्ने छैनौ भनेर निर्वाचन आयोग समक्ष स्वघोषणा गर्नु पर्दछ भनेको थिए । त्यही भाइरल बनाए छन्।

-श्रीमतीले भनिन् तिमी गृहमन्त्री मात्र होइनौ तिमी नागरिक भोटर र बरिस्ठतम अधिवक्ता हौ तिमीले बोलेको कुराले के अर्थ दिन्छ ? तिमी बोल्दा बुद्धि पुऱ्याएर बोल।

तिमी गृहमन्त्री नभएर एउटा राजनीति कार्यकर्ता, वा स्वतन्त्र अधिवक्ताको हिसाबले कति तर्क कति कुतर्क निकाल्ने थियौ होला । यही विषयमा तिमीलाई पीएचडी गर्ने विषय दिने हो भने अहिले सम्मका थेसिस भन्दा तिम्रो कति माथिल्लो लेबलको हुन्थ्यो होला ? खैर तिम्रो यो बोलीलाई के अर्थ लगायो एमालेले ?

-अर्यालले शान्त स्वरमा भने एमालेले भन्दा पनि धेरैले मेरो मर्म विपरित बुझे र लेखे।

-श्रीमतीले भनिन्- एमालेले किन बुझ्केन भन्न खोजेको हो गाँठी कुरा के हो ?

-अर्यालले खास कुरा खोले २४ गते हातहतियार लुट्ने एकाध पार्टी बाहेक सबै जसो पार्टीका कार्यकर्ता हुन्। सिधै तिमीले लुटेका हौ हतियार बुझाउ भनौ भने भड्किन्छन्। हामीले गर्ने भनेको चुनावमा भाग लिएनन् भने हाम्रो बैधता के होला ? त्यही भएर भाषा नरम प्रयोग गरेर हतियार बुझाउ भन्न खोजेको हुम।

श्रीमतीले भनिन्- 'कुन पार्टीले लुटेन त त्यसो भए ?'

-अर्यालले भने एमालेले लुट्न पाएन उसँग हतियार भएको भए काठमाडौमा मात्र २३० जना एमालेका नेता मन्त्रीको घरमा लुटपाट तोडफोड र आगजनी भयो। एक दुइटा हतियार उनीहरुसँग हुन्थ्यो भने सिध्याइदिन्थे।

-श्रीमतीले भनिन्- विना हातहतियार कसरी चुनाव लड्ने त ? विचराहरुलाई समस्या त भएछ नि!

-अर्यालले भने तिमी जस्तो बरिष्ठ अधिवक्तालाई नै कुरा बुझाउन सकिन! कुरा त्यस्तो होइन नि! हतियार त राज्य बाहेक नागरिकसँग हुनुहुन्न नि!

-श्रीमतीले भनिन्- कुरा बुझे कसै सँग लुटिएका हतियार हुनु कसैलाई तिनै हतियारको डर हुनुको कारण चुनावको सन्दर्भ रहेछ है!

- अर्याल खुशी हुँदै भने बल्ल खास कुरा बुझ्यौ!

-श्रीमतीले भनिन्- खास बुझिन एमाले बाहेकका पार्टीहरुसँग लुटेका हतियार छन् त भन्यौ ती कति मात्रामा होलान् त ? तिनी हतियार राज्यले फिर्ता ल्याउन सक्दैन ?

-अर्यालले भने जेनजी आन्दोलनमा जस्ले बढी योगदान गर्यो उसैले बढी फाइदा पायो नि!

-श्रीमतीले भनिन्- संख्यामा भन्न सक्दछौ ? को कति फाइदामा गए होलान् ?

- अर्यालले भने - चलाउन पनि जान्ने र लुट्न पनि त्यत्तिकै सिपालु दश बर्षे द्वन्द्वमा सिकेकाहरुले लगेको सुरक्षा निकायको रिपोर्ट छ। ६ हजार अत्याधुनिक हतियार डीडब्लुओ त्यो समूह भनौ वा पार्टीसँग ४ हजारको संख्यामा भएको अनुमान छ। बाँकी २ हजार हतियार रास्वपा, राप्रपा र दुर्गा प्रसाईहरुले राखेका छन्।

-श्रीमतीलाई अझ खुल्दुली लाग्यो । तिमीलाई थाहा नै रहेछ उनीहरु एमालेले चुनावमा भाग नलिए सिट थपथाप हुने आशामा पनि होला। हतियारको किन बुझाउन भन्न पर्यो र ? हतियार र कैदी कै कारण अब चुनावमा जान्न । किनकि २४ गते एमाले नेता मात्र किन टार्गेटमा परे भन्ने बुझेकाले नै उनीहरु भाग लिदैनन्।

अँह साँच्चै जेलमा बसेका कैदीहरुको दुरुपयोग हुने वाला छ- गृहमन्त्री जस्तोले किन खोज्नु हुन्न ?

-अर्याल भन्दछ्न- यो सरकार बनाउनमा तिनीहरुको पनि हात छ । तर जेलबाट निस्किदा भने रबि लामिछानेका कारण छुटेको हुदाँ यिनैलाई हाल्ने भन्दै थिए उनीहरु लगभग ७/८ हजारको संख्यामा भागेका छन्। तिनीहरुका कारण एमाले, कांग्रेसको भोट नघटाउने हो भने जेनजी आन्दोलनको उद्देश्य पूरा हुन्न! एक जना कैदीले घर मै ५/६ जना र उस्तै परे एउटा टोल नै कब्जा गर्दछ।

-श्रीमतीले भनिन्- अपराधीहरु बाहिर राख्दा त खतरा हुन्न र झन राजनीति कारणले छुटेकाहरुले त बदमासी गर्न बेर नै लाग्दैन नि किन पक्राउ नगरेको नि ?

-अर्यालले भने हाम्रो अनुमान गएको डेढ महिनामा जेलबाट छुटेकाले धेरै नै मार्दछन् भन्ने आँकलन थियो- हाम्रो आशा र अनुमान पुगेन। लगभग यो अवधिमा जम्माजम्मी अपराधीहरुले एक दर्जन भन्दा बढी घटना घटेनन् । एक जना कैदीले श्रीमती मार्यो । एक जनाले ठमेल मै एक जना युवालाई मार्यो। कतिपयले चोरी र बलात्कार हुने भएका छन्। यो दर त उनीहरु जेल मै छँदा हुन्थ्यो। यति ठूलो पैमानमा बाहिर छन कि यो हामीसँग भएको निकायले स्थिति नियन्त्रणमा ल्याउन सक्दैन । चुनावमा पार्टीहरुले प्रयोग गर्ने सम्भावना बढी हुन्छ। पार्टीहरुकै हुन उनीहरुले सुधार्छन्!

श्रीमतीले भनिन्- 'यी तिमले स्वतन्त्र निस्पक्ष र भय रहित चुनाब गर्न सकेको ?' कुर्तातिर औला देखाउँदै श्रीमानलाई लोपारिन्!

बेकारको टेनसन! हाम्रा त्यति धेरै शत्रु पनि थिएनन्। लामो समय राजनीति गरेका पनि होइनौ एमाले कांग्रेसका घर जलाएको प्रतिफल स्वरुप बालेनले दिएको बक्सिस सत्ता बिमुख हुँदैको अर्को दिन हाम्रो घर नजलाइदिउन । म त मेरो माइतीले दिएर बनाएको दरबारजस्तो घर आगो लगाउन दिन्न । बरु भोलि नै गृहमन्त्रीसँग श्रीमतीको बीच पारपाचुके भएको मिडिया बाजी गराउँदछु।

निर्दलीय, ब्यक्तिवादी र सिस्टम बिनाको राज्य सञ्चालन बडो खतरनाक र जबाफदेहिता हुँदैन यस्तो सञ्चालन गर्ने मान्छेहरु कात्तिकको कुकुर मरे जस्तै मर्दा न्यायसम्म पाइदैन। अर्काको लहलहैमा आफ्नो लगानी बिनाको प्रतिफल आशा नगर्नुस्।

तिहारको सुमधुर धुनबाट भएको देशकै विषयको पारिवारिक छलफल पारपाचुकेमा गएर टुङ्गिने स्थिति बन्यो!

कपिलवस्तु

# खाना खाएपछि तुरुन्त पानी पिउँदा के हुन्छ ?

दिपु सिंह

पानी मानव जीवनको आधार हो। बिना पानी कुनै पनि जीवित प्राणी बाँच्न सक्दैन । शरीरका सबै जैविक क्रियाकलापहरू, पाचन, रक्तसंचार, तापक्रम नियन्त्रण, तथा विषाक्त पदार्थको निष्कासन – पानीकै सहयोगमा सम्पन्न हुन्छ। तर, पानी कति मात्रामा र कुन समयमा पिउनु पर्छ भन्ने कुरा थाहा नहुँदा धेरै मानिसहरू अनजानेमै गलत बानी बनाउँछन्। तीमध्ये एक सामान्य बानी हो- खाना खाएपछि तुरुन्तै पानी पिउने।

देख्दा सामान्य लाग्ने यो बानी वास्तवमा शरीरका लागि हानिकारक हुन सक्छ। यो लेखमा हामी बुझ्नेछौं- खाना खाएपछि तुरुन्त पानी पिउँदा शरीरमा के हुन्छ, यसको वैज्ञानिक कारण के हो, र स्वस्थ तरिका कुन हो।

**पानी किन आवश्यक छ ?**

मानव शरीरको करिब ६०-७० प्रतिशत हिस्सा पानीले बनेको हुन्छ।

पानीको अभावमा शरीरका अंगहरूले आफ्नो कार्य ठीकसँग गर्न सक्दैनन्।

पानीले निम्न महत्वपूर्ण कार्यहरू गर्छः

१. शरीरको तापक्रम नियन्त्रण गर्छ।

२. पाचन प्रक्रियालाई सहज बनाउँछ।

३. विषाक्त पदार्थहरू मूत्र र पसिनामार्फत बाहिर निकाल्छ।

४. जोर्नी र मांसपेशीलाई लचिलो राख्छ।

५. छालाको नमी र चमक कायम राख्छ।

तर, पानी पिउने समय र तरिका गलत भयो भने, यही पानी शरीरको लागि समस्या पनि बन्न सक्छ।



**खाना खाएपछि पेटमा के हुन्छ ?**

जब हामी खाना खान्छौं, त्यसपछि पेटमा विभिन्न पाचन रसहरू उत्पादन हुन्छन्।

यी रसहरूमा मुख्यतः हाइड्रोक्लोरिक एसिड, पेप्सिन, र अन्य एन्जाइमहरू हुन्छन् जसले खाना पचाउन सहयोग गर्छन्।

पेटमा यी रसहरूको सन्तुलन अत्यन्त महत्वपूर्ण हुन्छ । जब खाना पेटमा पुग्छ, ती रसहरूले खाना तोड्न र शरीरलाई पोषक तत्व लिन सजिलो बनाउँछन्।

तर, यदि यो समयमा पानीको ठूलो मात्रा पेटमा पुग्यो भने के हुन्छ ?

**खाना खाएपछि तुरुन्त पानी पिउँदा हुने असरहरू**

**१. पाचन रस पातलो हुन्छ**

खाना खाएपछि तुरुन्त पानी पिउँदा पेटभित्रको अम्लीयता घट्छ ।हाइड्रोक्लोरिक एसिड पानीले पातलो बनाउँछ, जसका कारण खाना राम्ररी पच्दैन।

पाचन प्रक्रिया सुस्त हुन्छ, र पेटमा खाना लामो समय रहन्छ।

**२. अपच हुने सम्भावना**

खाना राम्ररी नपच्दा अपच, डकार, पेट फुल्ने, वा ग्यास बन्ने समस्या हुन्छ।

यसले दैनिकीमा असहजता ल्याउँछ र दीर्घकालमा पाचन प्रणाली कमजोर पार्छ।

**३. भोक कम हुने र वजन बढ्ने**

पाचन कमजोर हुँदा शरीरले पोषक तत्व राम्ररी अवशोषण गर्न सक्दैन।

शरीरमा बोसो जम्न थाल्छ, जसले वजन बढाउँछ।

साथै, लगातार अपच हुँदा भोक घट्ने समस्या पनि देखा पर्छ।

**४. रक्तमा सुगर स्तरमा असर**

मधुमेह भएका मानिसहरूका लागि यो बानी विशेष हानिकारक हुन सक्छ।

पानीले पाचन रसमा हस्तक्षेप गर्दा ग्लुकोज अवशोषणमा असन्तुलन आउँछ, जसले रक्तशर्करा नियन्त्रणमा असर गर्छ।

**५. शरीरको तापक्रममा असन्तुलन**

खाना खाएपछि पेटमा तापक्रम केही बढेको हुन्छ ताकि पाचन प्रक्रिया सक्रिय रहोस्।

तर, यदि त्यस समयमा चिसो पानी पिइयो भने, पेटको तापक्रम अचानक घट्छ र पाचन रस निष्क्रिय हुन सक्छ।

यसले पेट दुख्ने, फुल्ने वा भारी हुने अनुभव गराउँछ।

**६. एसिडिटी र पेटको जलन**

कतिपय अवस्थामा तुरुन्त पानी पिउँदा अम्लीयता घट्ने होइन, उल्टै एसिड रिफलक्स हुन सक्छ।

यसले छातीमा जलन, तित्तो डकार, वा ग्यास्ट्रिक समस्या निम्त्याउँछ।

**पानी पिउने सही समय**

विशेषज्ञहरूको सुझाव अनुसार, खाना खाने वरिपरि पानी पिउने समय यस्ता हुनुपर्छः

**खाना खानु अघि**

खाना खानु भन्दा ३० मिनेट अघि एक गिलास कोमल पानी पिउनु सर्वोत्तम हुन्छ।

यसले शरीरलाई पाचनका लागि तयार बनाउँछ र पेटमा आवश्यक रसहरू सक्रिय गर्छ।

**खाना खाँदा**

खानाको बिचमा सानो घूँट पानी लिन सकिन्छ, तर धेरै होइन।

यसले खाना सजिलै निल्न मद्दत गर्छ र मुख सुख्खा हुन दिँदैन।

**खाना खाएपछि**

खाना खाएपछि कम्तीमा ३० देखि ४५ मिनेट पछि मात्र पानी पिउनु उपयुक्त हुन्छ ।त्यसपछि शरीरले खाना पचाउन सुरु गरिसकेको हुन्छ, र पानीले पाचनमा बाधा पुऱ्याउँदैन।

**तातो वा चिसो पानी ?**

खाना खाएपछि कुन पानी पिउने भन्ने कुरा पनि महत्वपूर्ण छ।

तातो वा कोमल पानी पिउनु स्वास्थ्यका लागि उत्तम हुन्छ। तातो पानीले पाचन छिटो गराउँछ, बोसो पगाल्छ र पेटलाई हल्का महसुस गराउँछ।

त्यसैगरी, तेलयुक्त वा भारी खाना खाएपछि तातो पानीले राहत दिन्छ।

चिसो पानी चाहिँ खाना पचाउन बाधक हुन्छ।

चिसो पानीले बोसो जमाउँछ, पाचन सुस्त बनाउँछ, र अम्लीयता बढाउँछ।

**गलत बानीहरू जसले पाचन बिगार्छन्**

१. खाना खाएपछि तुरुन्तै धेरै पानी पिउनु।

२. खाना खाएपछि तुरुन्तै सुस्त बस्नु वा सुत्नु।

३. खाना खाएपछि चिसो पेय पदार्थ सेवन गर्नु।

४. खाना खाँदा ध्यान नदिई मोबाइल हेर्नु वा हतारमा खानु।

५. खाना खाएपछि तुरुन्त फलफूल वा दूध सेवन गर्नु।

यी बानीहरूले पाचन प्रणाली कमजोर पार्छन् र दीर्घकालमा स्वास्थ्य समस्या ल्याउँछन् ।

स्वास्थ्य खबरबाट



रानीमहल र कालीगण्डकी : स्याङ्जाको सटुकाबाट देखिएको पाल्पास्थित कालीगण्डकी नदी किनारमा अवस्थित प्रेमको प्रतीकका रुपमा रहेको रानीमहल। तस्बिर : तोलाकान्त बगाले / रासस

# सिँचाइका १२ रुग्ण ठेक्का अन्त्य : जलस्रोत तथा सिँचाइ विभाग

काठमाडौँ। ठेक्का सम्झौता गरी काम नगरेर वर्षौंदेखि अलपत्र पारिएका सिँचाइतर्फका १२ रुग्ण ठेक्का अन्त्य गरिएको छ। साविकको जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय नं २ जलेश्वर महोत्तरीअन्तर्गतका १२ रुग्ण ठेक्का अन्त्य गरिएको जलस्रोत तथा सिँचाइ विभागले जनाएको छ। विभागका अनुसार बबई सिँचाइ आयोजनाका छ रुग्ण ठेक्का अन्त्य गर्न गत ३० असोजमा १५ दिने सार्वजनिक सूचना प्रकाशित भइसकेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले ठेक्का लिने तर काम नगर्ने र आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का अन्त्य गर्न मातहतका निकायलाई निर्देशन दिनुभएको थियो । सोहीबमोजिम ठेक्का अन्त्य गर्ने प्रक्रिया अगाडि बढाएको विभागले जनाएको छ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना जनकपुरधामले आइतबार सार्वजनिक सूचनामार्फत १६ जेठ २०८१ र १ साउन २०८१ मा ठेक्का अन्त्य गर्ने आशयको सूचना दिइए पनि निर्माण व्यवसायीबाट सम्झौताबमोजिम काम सम्पन्न नगरी निर्माण अलपत्र पारेकाले ठेक्का अन्त्य गरिएको जनाएको छ। कार्यालयबाट पटकपटकको अनुरोध तथा सर्वाजनिक सूचना जारी गर्दासमेत काम गर्न ध्यान नदिइएको हुँदा सम्झौतामा उल्लेखित प्रावधानअनुसार कार्यसम्पादन जमानत जफत गर्ने कारबाही अगाडि बढिसकेको जनाएको छ।

साथै, सार्वजनिक खरिद कानुनको व्यवस्थाबमोजिम अन्य आवश्यक कारबाही अगाडि बढाउन हालसम्म गरिएको कामको नापजाँच एवं बाँकी कामको मूल्याङ्कन गर्न १५ दिनभित्र सम्पन्न गर्न जानकारी गराइएको छ। रद्द गरिएका ठेक्का आर्थिक वर्ष २०६८/६९, २०६९/७०, २०७३/७४ र २०७४/७५ मा गरिएका थिए।

सडकका थप ४० ठेक्का अन्त्य गर्ने प्रक्रिया सुरु

सडक र पुल निर्माणका लागि ठेक्का सम्झौता गरी काम नगरेर वर्षौंदेखि अलपत्र पारिएका थप ४० रुग्ण ठेक्का अन्त्य गर्ने प्रक्रिया सुरु भएको छ। सडक विभागअन्तर्गत सडक डिभिजन कार्यालय तुम्लिङटार, इलाम, हेटौँडा र नेपालगञ्जले आइतबार आफूमातहत रुग्ण अवस्थामा रहेका ४० वटा ठेक्का अन्त्य गर्ने प्रक्रिया अगाडि बढाएका छन्।

तुम्लिङटारले १७, इलामले १२, हेटौँडाले सात र नेपालगञ्जले चार ठेक्का गरी ४० ठेक्का ठेक्का किन नतोड्ने ? भन्दै आइतबार सार्वजनिक सूचना जारी गरेका छन्। विभिन्न सडक डिभिजन कार्यालयले यसअघि रुग्ण रहेका ६८ ठेक्का अन्त्य प्रक्रिया अगाडि बढाइसकेका छन्। सहरी विकासमन्त्री घिसिङले ठेक्का लिने तर काम नगर्ने र आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का अन्त्य मातहतका निकायलाई निर्देशन दिनुभएको थियो।

ठेक्का तथा योजनाको पटकपटक म्याद थप भई तोकिएको अवधिमासमेत निर्माण सम्पन्न गर्नेतर्फ चासो नदेखाई निर्माण अधुरो तथा अलपत्र परी निर्माण व्यवसायी लामो समयदेखि कार्यस्थलमा भौतिक रूपमा उपस्थित नभएर आधारभूत रूपमा ठेक्का उल्लङ्घन गरेको उल्लेख गरिएको छ।

विभिन्न मितिमा लिखित तथा मौखिक रूपमा कार्य सम्पन्न गर्न अनुरोध तथा जानकारी गराउँदासमेत निर्माण व्यवसायीबाट निर्माण सम्पन्नतर्फ चासो नदेखाई ठेक्का सम्झौता उल्लङ्घन गरिएको जनाइएको छ।

सूचना प्रकाशित भएको १५ दिनभित्र काम सम्पन्न गर्न सक्ने संशोधित कार्यतालिका, स्रोत साधन परिचालनको भरपर्दो योजना, कार्य सम्पन्न गर्ने प्रतिबद्धता र ठेक्का अन्त्य गर्न कुनै मनासिब कारण भए सत्यतथ्य प्रमाण राखी स्पष्टीकरणसहित आधिकारिक व्यक्ति कार्यालयमा उपस्थित हुन सार्वजनिक आह्वान गरिएको छ।

उक्त अवधीमा काम सुरु गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाबमोजिम ठेक्का सम्झौता अन्त्य गरी कालोसूचीमा राख्ने तथा कार्यसम्पादन जमानत, धरौटीबापतको रकम, पेश्की जमानत जफत र पेश्की रकमको १० प्रतिशत ब्याज असुल गर्नुका साथै बाँकी काम गर्न लाग्ने खर्च सरकारी बाँकीसरह असुलउपर गर्नेतर्फ कारबाही अगाडि बढाइने उल्लेख गरिएको छ।

# पदयात्राका लागि युवापुस्ताको पहिलो रोजाइमा अन्नपूर्ण आधार शिविर



म्याग्दी। अन्नपूर्ण हिमालको आधार शिविर नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकसित भएको छ।

आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल र आरोहण सुरु हुने आधार शिविर म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ को भूगोलमा पर्छ। समुद्री सतहदेखि चार हजार १५० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरमा छोटो दूरीमा सहजै पदयात्रामा पुगिने भएकाले पर्यटकको रोजाइमा परेको हो।

पदमार्ग, पूर्वाधार निर्माण, खानेबस्ने सुविधा र प्रवर्द्धनात्मक कार्यक्रमपछि आधार शिविरमा चालु शरदयाममा नसोचेको सङ्ख्यामा पर्यटक आएका अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले जानकारी दिए। "अन्नपूर्ण हिमाल र आधार शिविरको भूगोल म्याग्दीमा पर्ने तथ्य स्थापित भएर त्यहाँसम्म पुग्ने पदमार्ग तयार र प्रवर्द्धनका कार्यक्रमपछि यो यामभा अपेक्षा गरेभन्दा धेरै पर्यटक आउनुभयो", उनले भने, "युवापुस्ताको रोजाइमा अन्नपूर्ण आधार शिविर परेको छ।"

दसैँलगत्तै आधार शिविरमा दैनिक दुई सयदेखि पाँच सय जनासम्म पर्यटक आइरहेका अध्यक्ष पुनले बताए। आधार शिविरमा दुई वर्षअघिसम्म वसन्त यामभा हेलिकप्टरमार्फत आरोहीहरू मात्र पुग्ने गर्दथे। पदमार्गमा रहेका होटलको क्षमताभन्दा बढी सङ्ख्यामा पाहुना आएकाले व्यवस्थापनमा समस्या भएको व्यवसायीले बताएका छन्।

नारच्याङदेखि हुमखोलासम्म २० किलोमिटर सडक र हुमखोलादेखि आधार शिविरसम्म आधारभूतस्तरको २२ किलोमिटर पदमार्ग तयार भएको छ। दुई दिनको पैदलयात्रामा पुगिने अन्नपूर्ण आधार शिविर पर्यटकका लागि 'भर्जिन' गन्तव्य भएको शेर्पा अल्पाइन ट्रेकिङका पथप्रदर्शक लाक्पा आङ्वु शेर्पाले बताए। अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ। दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ।

नारच्याङका तेज गुरुङको अगुवाइमा २०६८ सालमा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य तथा पदमार्ग पहिचान भएको थियो। सो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले २०७७ सालमा नक्साङ्कन र 'मौरिस हर्जोग' नामकरण गरेको थियो।

सन् १९५० जुन ३ मा फ्रान्सका मौरिस र लुइस लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि सगरमाथाको सफल आरोहण भएको थियो। आठ हजार मिटरभन्दा अग्लो हिमालमा पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ।

विसं २०७७ मा भएको अन्नपूर्ण महोत्सव र गत जेठमा अन्नपूर्ण आरोहणको हीरक जयन्तीले पदमार्ग, हिमाल र आधार शिविरको प्रचार गर्न सहयोग पुगेको छ। सञ्चारमाध्यम र सामाजिक सञ्जालका सामग्री देखेर आधार शिविर घुम्न आएको काठमाडौँका सुदीप भट्टले बताए।

पदमार्गको प्रवेशविन्दुमा पर्ने नारच्याङमा सन् २०१२ आएका हर्जोगले आरोहणका समयमा प्रयोग गरेको बाटो र आधार शिविरका बारेमा जानकारी गराएपछि स्थानीयवासीको टोलीले पदमार्गको खोज अनुसन्धान गरेको अगुवा गुरुङले बताए। कास्की र म्याग्दीका दुईवटा स्थानीय तहको नामकरण अन्नपूर्ण हिमालबाट गरिएको छ। पर्यटन विभागका अनुसार हालसम्म पाँच सय ३६ जनाले अन्नपूर्ण हिमालको आरोहण गरेका छन्।

नीलगिरि र अन्नपूर्ण हिमालको फेदीमा रहेको आधार शिविर समथर फाँटमा छ। आधार शिविरमुनि समुद्री सतहदेखि चार हजार ५० मिटर उचाइमा पञ्चकुण्ड ताल छ। आधार शिविरको डाँडामा बसेर ताल र हिमाल अवलोकन गर्न सकिन्छ। पदयात्रीहरूले ताल र हिमाललाई पृष्ठभूमिमा पारेर डाँडैडाडाँ हिँडेको तस्बिर खिच्न र भिडियो बनाउँछन्।

एक लाख सात हजार ६८४ वर्गमिटर क्षेत्रफलमा फैलिएको ताल अन्नपूर्ण हिमालको हिउँ पग्लिएर आउने पानी सङ्कलन भएर बनेको प्राकृतिक हिमताल हो। अन्नपूर्ण हिमाल र पञ्चकुण्ड माललाई एकैपटक अवलोकन गर्न पाउनु अन्नपूर्ण आधार शिविरको प्रमुख विशेषता भएको बेनीकी सुष्मा खत्रीले बताइन्।

"वरपरका हिमाल र फेदीमा रहेको तालले मलाई मोहित र प्रफुल्लित बनायो", उनले भनिन्, "यहाँको अलौकिक सौन्दर्यमा रमाउन पाउँदा सबै, दुःखकष्ट र तनाव भुलेर मनमा उमङ्ग छाएको छ।"

आधार शिविरमा प्रथम ओहरण टोलीको अगुवा फ्रान्सका मौरिज हर्जोग, लुइस लचेनल र सोनाम वालुङ शेर्पाको सालिक स्थापना र हालसम्म अन्नपूर्ण हिमाल आरोहण गरेका पाँच सय ३६ जनाको नामावली उल्लेख गरिएको ताम्रपत्र भएको खुला सङ्ग्रहालय पनि रहेको छ।

अन्नपूर्ण गाउँपालिकाले गत आर्थिक वर्षमा फुतफुते झरनामा चिया, खाजा पसल सञ्चालनका लागि आश्रयस्थल भवन, शौचालय निर्माण र खानेपानी व्यवस्थापन गरेको थियो। हुमखोलामा खानेपानी र शौचालय निर्माण भएको छ।

गुफाफाँट र आधार शिविरमा एक-एकवटा शौचालय निर्माण भएको छ। हुमखोलादेखि साधीखर्कसम्मको पदमार्गमा ढुङ्गा बिछ्याउने, अप्ठ्यारो ठाउँको पदमार्गको डिलमा रेलिङ राखिएको छ। नारच्याङका बासिन्दाले गत वसन्तयामदेखि हुमखोला, फुतफुते, साधीखर्क, गुफाँफाँट, भुसकेत र पञ्चकुण्डमा अस्थायी संरचना बनाएर होटल सञ्चालन गरेका छन्।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)मा पर्ने भएकाले यहाँ स्थायी भौतिक संरचना बनाउन प्रक्रिया पूरा गरेर सरकारबाट अनुमति लिनुपर्छ। एक्यापले ५० जना पाहुना राख्न सक्ने अस्थायी संरचना बनाउन अनुमति दिएको तर चार, पाँच गुणा बढी पाहुना आएकाले टेन्ट र पालमुनि बसोबासको व्यवस्था मिलाउनुपरेको भुसकेतका होटल ब्यवसायी माइकल पुनले बताए।

होटलहरु नहुँदा पदयात्री आफैँले बन्दोबस्तीका सामान बोकेर जानुपर्ने समस्या थियो। हुमखोलादेखि माथि सञ्चार र विद्युत् सुविधाको अभाव छ। सञ्चार सुविधाको अभावमा लेक लागेर बिरामी भएका पर्यटकको उद्धार गर्न र पाहुनाको व्यवस्थापनमा समस्या भएको छ। बढ्दो पाहुनाको आगमनसँगै फोहर व्यवस्थापन पनि यहाँको अर्को चुनौती बनेको छ। पदमार्ग निर्माणलाई पूर्णता दिन र झोलुङ्गे पुलको स्तरोन्नति गर्नुपर्ने आवश्यकता छ।

गत हप्ता अन्नपूर्ण आधार शिविर पुगेर फर्किएका म्याग्दी क्षेत्र नं १ (क) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले पूर्वाधार निर्माणका साथै प्रवर्द्धनमा स्थानीय तह, एक्याप, प्रदेश र सङ्घीय सरकारसँग समन्वय गर्ने बताए।

"छोटो दूरीमा र छिटो पुग्न सकिने भएकाले अन्नपूर्ण आधार शिविर, पञ्चकुण्ड तालको पर्यटनका हिसाबले प्रशस्त सम्भावना छ", उहाँले भन्नुभयो, "सञ्चार र विद्युत् सुविधाको विस्तार, पदमार्गको स्तरोन्नति, फोहर व्यवस्थापन, झोलुङ्गे पुललगायत पूर्वाधार निर्माणमा सरकारको ध्यानाकर्षण र बजेट भित्र्याउन पहल गर्नेछु।"

# पुतलीबजारको पूर्वाधारमा साँढे ११ करोड




स्याङ्जा। देश संघीयतामा गएसँगै बनेका स्थानीय तहले पूर्वाधार विकास निर्माणलाई प्राथमिकता दिएका छन्। पछिल्लो समय विकासको गति हेर्दा स्थानीय तहबीच कसले छिटो र राम्रो पूर्वाधार बनाउने भन्ने प्रतिस्पर्धा नै चलेको जस्तो भान हुन्छ। यसैक्रममा स्याङ्जाका ११ स्थानीय पालिकाले पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिदै बजेटको ठूलोहिस्सा खर्च गर्दै आएका छन्।

यसैबीच जिल्लासदरमुकामस्थित पुतलीबजार नगरपालिकाले ठूला पूर्वाधार विकास योजनामा साँढे ११ करोड लगानी गर्ने भएको छ। आर्थिक वर्ष २०८२/०८३ मा नगरपालिकाले नगरभित्रका २४ वटा ठूला योजनाहरुलाई ११ करोड ५६ लाख रुपैयाँ लगानी गर्ने भएको हो।योजनाहरुमा संघ, प्रदेशको अनुदान र नगरपालिकाको आन्तरिक श्रोत समेतको साझेदारीमा उक्त रकम खर्च हुनेछ।

ठूला योजनामध्ये एक करोड ४० लाखको लगानीमा फोहोरमैला व्यवस्थापन, एक करोड ३५ लाखको लागतमा आमडाँडा-सतौ सडक निर्माण गर्नेछ। ९०/९० लाखको लगानीमा मायाँटारी, पोखरीचौर-बेलबास सडक स्तरोउन्नती गरिने छ भने पुतलीबजार नगरपालिका-१४ को वडा कार्यालय-मैदान जोड्ने सडक निर्माण गर्ने लक्ष्य राखिएको नगरपालिकाले जनाएको छ।

सडक बोर्डसँगको साझेदारीमा ८० लाखको लगतमा नगरपालिकाले आवश्यकताका आधारमा झोलुङ्गे निर्माण गर्ने जनाएको छ। ६७ लाख रुपैयाँको लगानीमा नगरपालिकाको वडा नं.-१ मालेबगरस्थित खेल पूर्वाधारमा मैदान र कभर्ड हलको व्यवस्थापन र स्तरोउन्नती गर्ने तयारी गरिएको नगरपालिकाका योजना शाखाका डोलराज ढकालले जानकारी दिए।

चालु वर्षमापूर्वाधार तर्फका एक दर्जनयोजनाहरु कार्यान्वयनको चरणमै पुगिसकेको ढकालले बताए। नगरपालिकाले सडक स्तरोउन्नती तर्फका ठूला योजनालाई कालोपत्रे र ढलान गर्नेछ।

नगरका २४ वटै ठूला योजना समयमै निर्माण कार्य सक्नेगरी तयारी गरिएको ढकालले जनाए। नगरपालिकाले ६० लाखको लागतमा सडक स्तरोउन्नती, ४०/४० लाखको लगानीमा तीन वटा योजना कान्छिबजार-आरुपाटा, सुम्रखोला-ओढोर-ढिम्रीगाउँ र छिपेहटिया-अर्जुनचौचारी-खोरबार जाने सडक निर्माण गर्नेछ। ३६ लाखको लागतमा मासुमा आत्मनिर्भर तथा स्वास्थ्य मासु उत्पादन परियोजना संचालन गर्ने भएको नगरपालिकाले जनाएको छ।

टापु सिँचाइ योजनाको दोस्रो चरणका लागि३५ लाख विनियोजना गरेको नगरपालिकाले ३०/३० लाखको लगानीमा रिङ्दी-स्यालढुङ्गा कुलो निर्माण गर्नेछ।२५ लाखका ७ योजनामध्ये खानेपानी, भवनको संरचनात्मक सुधार, विश्व शान्तिस्तुपा भवन निर्माणसँगै सडकहरु निर्माण र स्तरोउन्नती गर्ने लक्ष्य राखिएकोनगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धर्मराज ढुङ्गानाले सुनाए।

गएको आर्थिक वर्षको दायित्व भुक्तानीमा २३ लाख २५ हजार रुपैयाँ व्यवस्था गरेको नगरपालिकाले बहाकोट स्वास्थ्य चौकी समेतका दुई योजनालाई २०/२० लाख विनियोजन गरेको छ।

नगरका पूर्वाधार योजनामा नगरपालिकाले साँढे ११ करोड खर्च गर्ने लक्ष्य राखेको भएपनि पुतलीबजार नगरमा पूर्वाधार, खानेपानी र सिँचाइ कार्यालयले झण्डै ५० करोडका योजनाहरु निर्माण गर्नेछन्।

नगरपालिकाले चालु आर्थिक वर्षमा सम्पन्न गर्ने लक्ष्य राखेका योजनामा नगरपालिकाको आन्तरिक श्रोत, संघीय सरकारको विषेश, समपुरक र शसर्तसँगै प्रदेश सरकारबाट हस्तातरित कार्यक्रममा समावेश आयोजनाहरु रहेको नगरपालिकाका नगर प्रमुख तुलसीराम रेग्मीले बताए। वडास्तर र नगर तहबाट साना र ठूला गरी करिब १५० योजनाहरुलाईचालु वर्षमा झण्डै ५० करोड विनियोजन गरिएको प्रमुख रेग्मीले जनाए।

## पेन्सन पट्टा हराएको सूचना

मेरो निम्न विवरण भएको पेन्सन पट्टा यही मिति २०८२।०६।०३ गते अर्घाखाँची देखि पाल्पा जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला

**नाम :** मीना कुमारी पाण्डे
**ठेगाना :** छत्रदेव गा.पा वडा नं. ७
साविक भगवती गा.पा -९ अर्घाखाँची
**पेन्सन पट्टा नं. :** ०११३४३७०८२
**सम्पर्क नं. :** ९८५५०५३८९०

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



छठ पर्वको रौनकः छठ पर्वको लागि आइतबार नेपालगञ्जस्थित वागेश्वरी मन्दिर परिसरमा अवस्थित तलाउको किनारमा तयार गरिएका छठ घाट। वागेश्वरी मन्दिर क्षेत्रमा छठ पर्वको रौनक छाएको छ। तस्बिरः भेषराज बस्नेत/रासस

# ११ राजदुत फिर्ता बोलाउनुको कारण पेश गर्न आदेश

बुटवल। सर्वोच्च अदालतले विभिन्न ११ देशका नेपाली राजदूतहरू फिर्ता गर्नुको कारण पेश गर्न सरकारका नाममा आदेश जारी गरेको छ।

राजदूत फिर्ताको निर्णय कानुनसम्मत नभएको जिकिरसहित सर्वोच्च अदालतमा रिट निवेदन दायर भएको थियो।

निवेदनमाथिको प्रारम्भिक सुनुवाइपछि न्यायाधीश विनोद शर्माको इजलासले 'कारण देखाउ आदेश' जारी गरेको हो।

सरकारले केपी ओली नेतृत्वको सरकारले नियुक्त गरेका विभिन्न ११ देशका राजदूतलाई २० कात्तिकसम्म फिर्ता हुन निर्देशन दिएको थियो।

चीन, जर्मनी, मलेसिया, इजरायल, कतार, रुस, साउदी अरब, स्पेन, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका र जापानका लागि नेपाली आवासीय राजदुतहरूलाई फिर्ता बोलाइएको थियो।

# 'जायज माग र चासो सम्बोधन गर्न सरकार सदैव तत्पर'

काठमाडौँ। सरकारले सबैको जायज माग, चासो एवं सरोकारलाई सम्बोधन गर्न सरकार सदा तत्पर र गम्भीर रहेको स्पष्ट पारेको छ।

गृह मन्त्रालयले एक विज्ञप्तिमार्फत धर्ना, जुलुस, प्रदर्शन, आन्दोलनलगायतका कार्यक्रम नगरी वार्ता र संवादका माध्यमबाट कुनै पनि मागको विधिसम्मत समाधान खोज्न सबैमा अनुरोध गरेको छ। जेनजीको अगुवाइमा भएको प्रदर्शनपश्चात् गठन भएको वर्तमान सरकार आगामी फागुन २१ गतेका लागि तय भएको निर्वाचनको वातावरण बनाउनेतर्फ क्रियाशील रहेको गृह मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ।

सरकारले निर्वाचनसम्बन्धी कानुनमा संशोधन, स्रोत र साधनको व्यवस्थापन, राजनीतिक दलहरू एवं सरोकारवालासँग वार्ता र संवाद गरिरहेको मन्त्रालयले स्पष्ट पारेको छ।

"देशमा शान्ति सुरक्षा कायम गर्दै घोषित मितिमा स्वच्छ, निष्पक्ष एवं भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सबैको योगदान महत्त्वपूर्ण एवं अपरिहार्य रहेको हुँदा सोहीबमोजिमको भूमिका र दायित्व अपेक्षित छ", विज्ञप्तिमा भनिएको छ।

गत भदौ २३ र २४ गतेको प्रदर्शनपश्चात, सार्वजनिक सेवा पुनः सुरु गर्नुका साथै क्षतिग्रस्त संरचनाको पुनर्निर्माण प्रक्रिया आरम्भ गरी शान्ति सुरक्षाको अवस्था सामान्य तुल्याई निर्वाचन केन्द्रित वातावरण निर्माण हुँदै गरेको थप प्रष्ट पारेको छ। यो स्थितिमा हाल सामाजिक सञ्जालमार्फत विभिन्न व्यक्ति तथा समूहका नाममा धर्ना, जुलुस, विरोध प्रदर्शनलगायत आन्दोलनका कार्यक्रम सार्वजनिक भएको विषयमा गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ।

"देशमा अस्थिरता निम्त्याउन खोज्ने स्वार्थ समूहले यस्ता कार्यक्रममा घुसपैठ गरी अशान्ति एवं अराजकता निम्त्याउन सक्ने हुँदा त्यसतर्फ आयोजकहरू समेत सचेत हुनुपर्ने देखिन्छ", विज्ञप्तिमा भनिएको छ।

आफ्ना माग राख्दा जनताको शान्तिपूर्वक बाँच्न पाउने, निर्वाध सार्वजनिक सेवा प्राप्त गर्ने र निर्वाचनमा भाग लिन पाउने समेतका हकअधिकार कुण्ठित हुन नदिन र सार्वजनिक सुरक्षा साथै राष्ट्रिय सुरक्षा खलल हुन नदिई मुलुकमा साम्प्रदायिक सद्भाव कायम राख्दै राष्ट्रिय हितको प्रवर्द्धन गर्ने कार्यमा योगदान गर्न सबैमा मन्त्रालयले अनुरोध गरेको छ।

# सयपत्री फूल बेचेर १६ लाख आम्दानी



स्याङ्जा।स्याङ्जाको कालीगण्डकी गाउँपालिकाका कृषकहरुले तिहारमा सयपत्री फूल बिक्री गरेर १६ लाखबढि आम्दानी गर्न सफल भएका छन्। तिहार अवधिमैराम्रो आम्दानी गर्न सफल भएपछि कृषकहरु हर्षित भएका छन्। तिहारमा सयपत्री फूल बेचेर गत वर्षको तुलनामा धेरै आम्दानी लिन सफल भएका हुन्। गएको सिजनमा कृषकले१५ लाख रुपैयाँ आम्दानी गर्न सफल भएका थिए।

कालीगण्डकी गाउँपालिका-३ का रेमोन थापाले भर्खरैको तिहारमा फूल बिक्रीबाट दुई लाख भन्दा बढि आम्दानी गरेको बताए। पछिल्लो तिहारमा फूलको मागमा वृद्धि भएसँगैधेरै मूल्य पाएपछिराम्रो आम्दानी हात परेको थापाले जनाए। तिहार अघिदेखि निरन्तर रुपमाफूल बिक्री भएको सुनाएका थापाले विगतमा तीन र पछिल्लो वर्षदेखि पाँच रोपनी क्षेत्रफलमा फूलखेती गर्दै आएका छन्।

चालु सिजनमा फूलकोथोकमूल्य तीन सय र फुटकर चार सय रुपैयाँ प्रतिकिलोको दरले बिक्री भएको छ। मूल्य राम्रो भएका कारण आम्दानी बढेको स्थानीय कृषकको भनाई छ। व्यवसायिक फूलखेती गर्दै आएका कालिगण्डकी गाउँपालिका-१ का हिरामणी सुवेदी, वडा नं. २ का पुष्पा सिंजाली राना, वडा नं.-५ का रविलाल गौडेल, वडा नं.-६ का युवराज अधिकारी र वडा नं.-७ का घनबहादुर थापाले तिहारमै एक लाख ५० हजार भन्दा बढिका दरमा आम्दानी लिएको गाउँपालिकाका कृषि अधिकृत अनुप पौडेलले जानकारी दिए।

तिहार लक्षित फूलखेतीबाट स्थानीय कृषकले तिहार पछिका केही महिनासम्म राम्रो आम्दानी लिन सक्ने पौडेलले बताए। यसै वर्षको तिहारमा मात्रै १६ लाख २० हजार मुल्य बराबरको फूलका माला र थुँगा बिक्री भएको गाउँपालिकाले जनाएको छ। गाउँपालिकामा तयार भएको सयपत्री फूल स्थानीय बजार, छिमेकी पालिका र नजिकका ठूला शहर बुटवल, पोखरा निर्यात भएको छ।

गाउँपालिकामा २२ जना कृषकले व्यवसायिक रुपमा नै फूलखेती गर्दै आएका छन्। अधिकांश कृषक, समूह र विद्यालयले तिहार लक्षित फूलखेती गर्दै आएका हुन्। गाउँपालिकाभित्र झण्डै ३० रोपनी भन्दा धेरै क्षेत्रफलमा फूलखेती गरिएको छ। आम्दानी बढेसँगै फूलखेती गर्ने कृषकको संख्यामा वर्षेनी बृद्धि हुँदै गएको गाउँपालिकाले जनाएको छ।

परम्परागत कृषि खेतीको तुलनामा नगदेबालीबाट राम्रो आम्दानी हुने भएपछि स्थानीयहरु फूलखेतीमा आकर्षित हुँदै गएका छन्। विगतका वर्षमा अनुदान रकम, बीउ पाएका कृषकले पछिल्ला वर्षमा भने आफैलगानी गर्न उत्साहित छन्। गाउँपालिकाले स्थानीय कृषकलाई नगदेबालीतर्फ प्रेरित गर्दै आएको गाउँपालिकाका अध्यक्ष खिम थापाले बताए।बजारको सुनिश्चित भएपछि नगदेबालीबाट कृषकहरुले राम्रो आम्दानी लिदै आएको समेत अध्यक्ष थापाले जनाए।

'गाउँपालिकाका कृषकलाई उत्पादनमा आबद्ध बनाउँदै उत्पादित कृषिजन्य वस्तुको बजारीकरण गर्न हामीले सहजीकरण गर्दै आएका छौं।' अध्यक्ष थापाले भने,'लागत मूल्य कम बनाउँदै उत्पादन वृद्धि गर्न खेतबारीमैकृषि प्राविधिक खटाएर कृषकसँग हातेमालो मार्फत कृषिजन्य वस्तु उत्पादन गरिएको छ।'

गाउँपालिकाले उत्पादनसँगै बजारीकरणलाई प्राथमिकता दिएको बताउँदै प्रमुख प्रशासकीय अधिकृत पर्शुराम उपाध्यायले पालिकाभित्र 'कृषि मुल्यश्रंखला विकास परियोजना' सञ्चालन गरेको जनाए। हेफर परियोजनासँग सहकार्य गर्दैआधुनिक प्रविधिको प्रयोगबाट उत्पादन वृद्धि र खासमा लागत कम बनाउनेमा काम गरेको उनले बताए। उत्पादित कृषिजन्य वस्तुको खरिद, बिक्री, वितरण र निर्यातमा गाउँपालिकाले कृषकलाई सहयोग गरेको अधिकृत उपाध्यायले बताए।

फूलखेती गरेर राम्रो आम्दानी लिदै आएका कालीगण्डकी गाउँपालिकाका कृषकले व्यावसायिक रुपमा मौसमी तथा बेमौसमी तरकारी खेती, अकबरे खुर्सानी,केरा खेतीबाट राम्रो आम्दानी लिदै आएका छन्।गाउँपालिकाकै अगुवाईमा झण्डै १५० रोपनी बाँझो जमिनमा व्यवसायिक रुपमा ड्रागन फ्रुडखेती र तरकारी खेती गरिदै आएको छ।

# ट्र्याक्टर दुर्घटना हुँदा सहचालकको मृत्यु

गुल्मी। मदाने गाउँपालिका-१ अन्तर्गत कचुरखर्कमा गए राति ट्र्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा मदाने गाउँपालिका-१ अग्लुङका १९ वर्षीय सहचालक मेघराज पुन रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी गङ्गाबहादुर सारुले जानकारी दिए।

गए राति मदाने गाउँपालिका-१ अग्लुङ फेदीबाट बालुवा लोड गरेर वडा कार्यालयतर्फ आइरहेको रा१त ३५०२ नम्बरको ट्र्याक्टर उकालोमा लोड तान्न नसकी ब्याक भई ब्रेकले काम नगरेपछि दुर्घटना भएको सूचना अधिकारी सारुले जानकारी दिए।

ट्र्याक्टरबाट हामफाल्ने क्रममा बाटोबाट उछिट्टिएर गम्भीर घाइते बनेका पुनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

घटनाबारे जानकारी प्राप्त भएपछि इलाका प्रहरी कार्यालय पुर्कोटदहका प्रहरी निरीक्षक रेबन्त सेनको नेतृत्वमा प्रहरी टोली राति नै घटनास्थल पुगेको थियो। ट्र्याक्टर चालक मदाने-१ अग्लुङ निवासी २२ वर्षीय निमन चन्दलाई प्रहरीले नियन्त्रणमा लिएको र घटनाका बारेमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# यूएईमा तीन महिनामा ७९ जना नेपालीको मृत्यु



काठमाडौं। पछिल्ला तीन महिनामा वैदेशिक रोजगारीको सिलसिलामा युनाइटेड अरब इमिरेट्स (यूएई) रहेका ७९ जना नेपालीको मृत्यु भएको छ। चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनामा उनीहरूको मृत्यु यूएईमा भएको हो।

यूएईस्थित नेपाली दूतावासका अनुसार, ०८२ साउनमा ३२, भदौमा १९ र असोजमा २८ जना नेपालीको मृत्यु भएको हो। नेपाली दूतावासका अनुसार, गत आर्थिक वर्ष २०८१/८२ मा यूएईमा ३१२ जना नेपालीको मृत्यु भएको थियो। गत आर्थिक वर्ष औसतमा प्रत्येक महिना यूएईमा २६ जना नेपालीको मृत्यु भएको थियो।

अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा यूएईमा २३१ जना नेपालीले ज्यान गुमाएका थिए।

सडक दुर्घटना, कार्यस्थल दुर्घटना, हृदयाघात, मुटुसम्बन्धी रोगलगायत कारणले नेपालीले यूएईमा ज्यान गुमाउने गरेका छन्।

# वैदेशिक व्यापार : आयात १९.७९ र निर्यात ८९.६४ प्रतिशतले बढ्यो




काठमाडौं। चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमासमा चार खर्ब ६८ अर्ब आठ करोड रुपैयाँको वस्तु तथा सेवा आयात भएको छ। भन्सार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आर्थिक वर्षको पहिलो त्रैमासमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.७९ प्रतिशतले वस्तु तथा सेवा आयात वृद्धि भएको हो।

२०८१/८२ को पहिलो त्रैमासमा तीन खर्ब ९० अर्ब ७५ करोड रुपैयाँबराबरको वस्तु तथा सेवा आयात भएको थियो। त्यस्तै, चालु आर्थिक वर्षको पहिलो त्रैमासमा निर्यात ८९.६४ प्रतिशतले बढेको छ। भन्सार विभागका अनुसार चालु आर्थिक वर्षको पहिलो त्रैमासमा ७२ अर्ब ७८ करोड रुपैयाँको वस्तु निर्यात भएको छ। गएको वर्षको यही अवधिमा ३८ अर्ब ३७ करोड रुपैयाँबराबरको निर्यात भएको थियो।

पहिलो त्रैमासमा नेपालले कुल पाँच खर्ब ४० अर्ब ८६ करोड रुपैयाँको वैदेशिक व्यापार गरेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा चार खर्ब २९ अर्ब १३ करोड रुपैयाँको वैदेशिक व्यापार गरेको थियो।

समीक्षा अवधिमा १२.१८ प्रतिशतले व्यापार घाटा बढेको छ। चालु आर्थिक वर्षको साउनदेखि असोजसम्ममा तीन खर्ब ९५ अर्ब व्यापार घाटा देखिएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा मुलुकको व्यापार घाटा तीन खर्ब ५२ अर्ब रुपैयाँ थियो।

चालु आर्थिक वर्षको समीक्षा अवधिमा आयाततर्फ नेपालले पेट्रोलियम पदार्थको आयातमा ६६ अर्ब ८७ करोड रुपैयाँ खर्च गरेको छ। निर्याततर्फ चालु आवको समीक्षा अवधिमा ३० अर्ब ६९ करोड रुपैयाँबराबरको सोयाविन तेल निर्यात गरेको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

जुवातासले गर्छ सर्वनाश
जुवातासको लतले
- पारिवारिक कलह, झै-झगडा हुने गर्छ,
- सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
- सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
- सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ, पारिवारिक बिखण्डनको
- सम्भावना बढ्छ, सन्ततिहरू कुलतमा फस्न सक्छन्,
- सामाजिक प्रतिष्ठामा आँच आउँछ,
जुवातास खेल्नु/खेलाउनु कानून विपरीत भएकोले नखेलौं/नखेलाऔं।
नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com